नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्या:- ८०/८१
चलानी नं.:- ९६८

मितिः २०८०।०९।०८

विषयः ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी भक्तपुर ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च नं ५५ मिति २०८०।०९।०५ को पत्रबाट ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन सम्बन्धमा यही पुष ११ गते सम्पूर्ण विद्यालयमा सामाजिक अध्ययन विषयको एक पिरीयडमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्न अनुरोध भई आएकोले सो पत्र यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

...................
उषा लामिछाने
शाखा अधिकृत

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(ज्येष्ठ नागरिक संरक्षण शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००१६५
Email:-
info@mowcsc.gov.np
www.
mowcsc.gov.np

पत्र संख्या ०८०/०८१
च.नं. ज्ये.ना.सं.शा./ ५५

मिति २०८०/०९/०५

विषयः ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन सम्बन्धमा ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

हरेक वर्षको पौष ११ गतेका दिन राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम मनाउँदै आए बमोजिम यस वर्ष पनि "ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान" नारा सहित यो दिवस मनाउने कार्यक्रम रहेकोछ। सो कार्यक्रम मनाउने सन्दर्भमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा बसेको बैठकले उक्त दिन तहाँ मन्त्रालयमार्फत सम्पूर्ण विद्यालयमा सामाजिक शिक्षाको अध्यापन सत्रमा ज्येष्ठ नागरिक सम्बन्धी विषयमा शिक्षण सिकाईको कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने निर्णय भएकाले सो अनुसार उक्त दिनको एक सत्रमा सम्पूर्ण विद्यालयमा ज्येष्ठ नागरिक सम्बन्धी कक्षा सञ्चालन गर्ने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

२०८०/०९/०५

(संध्या कुमारी यादव)
महिला विकास अधिकृत